# लोक सेवा आयोग

## प्रेस विज्ञप्ती

"योग्यता, स्वच्छता र निष्पक्षताः लोक सेवा आयोगको प्रतिबद्धता" भन्ने मूल नाराका साथ लोक सेवा आयोगको तेस्रो राष्ट्रिय सम्मेलन सुदूरपश्चिम प्रदेशको धनगढी, कैलालीमा २०७९ साल फागुन १९ र २० गते सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा लोक सेवा आयोगका पदाधिकारी एवम् कर्मचारी र ७ वटै प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवम् सचिवहरूको सहभागिता रहेको थियो। कार्यक्रमको समुद्घाटन आयोगका अध्यक्ष श्री माधवप्रसाद रेग्मीले गर्नुभएको थियो भने आयोगका सदस्य श्री वीरबहादुर राईले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको उद्घाटन सत्रमा सहभागीहरूको परिचयका साथ अगाडि बढेको कार्यक्रममा आयोगका अध्यक्ष श्री माधवप्रसाद रेग्मी, प्रदेश लोक सेवा आयोगका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरू र प्रदेश सरकारका प्रमुख सचिव श्री नारायणप्रसाद दुवाडीले मन्तव्य राख्नु भएको थियो।

प्राविधिक सत्रमा आयोगका तर्फबाट आयोगको समग्र प्रस्तुति गर्ने क्रममा आयोगको ऐतिहासिक पृष्ठभूमि एवम् विकासक्रम, कानुनी व्यवस्था, आयोगले अवलम्बन गरेका मूल्य एवम् सिद्धान्तहरू, आयोगको रणनैतिक योजना (आ.व. २०७९/८० – २०८३/८४) का मुख्य-मुख्य विषयवस्तुहरू, गत सम्मेलनले गरेका निर्णयको प्रगति समीक्षा समेतका विषयमा कार्यपत्र प्रस्तुत गरी सो उपर छलफल गरिएको थियो। यसपछि ७ वटै प्रदेश लोक सेवा आयोगको तर्फबाट प्रस्तुति गर्दै प्रदेश लोक सेवा आयोगको विद्यमान कानुनी व्यवस्था एवम् जनशक्ति तथा अन्य स्रोत साधनको अवस्था, हाल सम्मको कार्य सम्पादनको स्थिति, पदपूर्तिको अवस्था, आयोगका मुख्य-मुख्य नीतिगत निर्णयहरू, आयोगका प्रमुख उपलब्धिहरू, भावी नीति तथा कार्यक्रम, लोक सेवा आयोगसँगको अपेक्षा, सम्मेलनमा छलफल गर्नु पर्ने विषयहरू समेतका विषयमा कार्यपत्र प्रस्तुत भई सो उपर छलफल गरिएको थियो। साथै लोक सेवा आयोगको तर्फबाट महाशाखा प्रमुखहरूले परीक्षण प्रविधि तथा पाठ्यक्रम, अन्तर्वार्ता तथा प्रश्नपत्र परिमार्जन, प्रशासन तथा प्रतिशत निर्धारण एवम् विज्ञापन प्रकाशन, परीक्षा सञ्चालन तथा लिखित परीक्षाको नतिजा तयारीका विषयमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गरी सो उपर छलफल गरिएको थियो । प्रस्तुतीकरणका क्रममा सत्रको अध्यक्षता आयोगका सदस्य एवम् प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा प्रतिनिधिज्यूहरूले गर्नु भएको थियो।

सम्मेलनको दोस्रो दिन सम्मेलनबाट गरिने घोषणापत्र एवम् निर्णयका सम्बन्धमा छलफल गरी अन्तिम रूप दिइएको थियो। समापन सत्रमा लोक सेवा आयोगका अध्यक्ष एवम् ७ वटै प्रदेश लोक सेवा आयोगका अध्यक्ष एवम् प्रतिनिधिहरूले उक्त घोषणापत्र एवम् निर्णयमा दस्तखत गरी घोषणा एवम् निर्णय कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो। उक्त घोषणापत्र एवम् निर्णयलाई आयोगका अध्यक्ष श्री माधवप्रसाद रेग्मीले सार्वजनिक गर्नु भएको थियो । लोक सेवा आयोगका सदस्य श्री दिनेश सिलवालले कार्यक्रममा उपस्थित अतिथि एवम् सहभागीहरू र कार्य्रकम सफल पार्न सहयोग गर्ने सबैलाई आयोगको तर्फबाट धन्यवाद दिनु भएको थियो। लोक सेवा आयोगको योग्यता, स्वच्छता र निष्पक्षताको मूल्य अनुरूप काम गरी आयोगहरू प्रतिको जन विश्वास अभिवृद्धि गर्न यो सम्मेलनको महत्वपूर्ण भूमिका रहेको थियो। यस सम्मेलनले गरेको घोषणा एवम् निर्णयहरू र सम्मेलनका केही तस्विरहरू यसै साथ संलग्न गरिएको छ।

तोयनारायण सुवेदी
सहसचिव एवम् प्रवक्ता

२०७९ साल फागुन २१ गते

# लोक सेवा आयोग

योग्यता, निष्पक्षता र स्वच्छता: लोक सेवा आयोगहरूको प्रतिबद्धता

## लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलन

२०७९ फागुन १९ र २० गते, धनगढी कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

### घोषणापत्र

हामी लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू
योग्यता, निष्पक्षता, स्वच्छता र विश्वसनीयताको मूल मर्मप्रति सम्मान व्यक्त गर्दै,
योग्यता प्रणालीको प्रवर्द्धक र संरक्षकको जिम्मेवारी बोध गर्दै,
भर्ना र छनौट पद्धतिमा विद्यमान सिद्धान्त, मापदण्ड र मूल्य मान्यतालाई अक्षुण्ण राखी समयानुकूल सुधार गर्दै,
निम्न प्रतिबद्धताहरू गर्दछौं:

सार्वजनिक प्रशासनमा समयानुकूल सुधार गर्न आयोगको परीक्षा प्रणालीमा नवीनतम प्रविधिलाई आवश्यकतानुसार अवलम्बन एवम् उपयोग गर्दै जानेछौं।

नेपालको संविधान र कानूनको मर्म एवम् भावना अनुसार समावेशी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछौं।

कर्मचारीको वृत्ति विकासको सुनिश्चितता, व्यवस्थापन र सार्वजनिक प्रशासनमा रहेको सङ्क्रमणको अन्त्य गर्न यथाशीघ्र सङ्घीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा ऐन जारी गर्न नेपाल सरकार र प्रदेश सरकारसँग अनुरोध गर्दछौं।

सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, सेवामुखी, मर्यादित र व्यवस्थित बनाउन निरन्तर क्रियाशील रहनेछौं।

लोक सेवा आयोगहरूलाई योग्यता प्रणालीको उत्कृष्ट केन्द्रको रूपमा कायम राख्न प्रतिबद्ध रहनेछौं।

लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूबीच निरन्तर समन्वय र सहयोगको वातावरण कायम राख्नेछौं।

### निर्णयहरू

१. लोक सेवा आयोगका संस्थागत मूल्यहरू योग्यता, निष्पक्षता, स्वच्छताको मूल मर्म अनुसार गोपनीयता एवम् विश्वसनीयता सुनिश्चित हुने गरी कार्यसम्पादन गर्नका लागि प्रदेश लोक सेवा आयोगहरूको सङ्गठन संरचना र शाखागत कार्यविवरणमा एकरूपता कायम गर्न लोक सेवा आयोगका प्रशासन तथा निरीक्षण महाशाखा प्रमुखको संयोजकत्वमा प्रदेश लोक सेवा आयोगका सचिवहरू सदस्य रहने गरी समिति गठन गर्ने,

२. नेपाल सरकारबाट मिति २०७६ वैशाख १६ गते निर्धारण भएको लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादाक्रम सम्बन्धी प्रचलित कानूनी व्यवस्था, नियुक्ति र बर्खास्तको प्रक्रिया तथा वहन गर्नुपर्ने जिम्मेवारी समेतलाई दृष्टिगत गरी पुनरावलोकन गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने,

३. सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीहरूको सेवा प्रवेश, वृत्तिविकास लगायत तीन ओटै तहका कर्मचारीहरूका सेवा, सर्त, सुविधाका आधारभूत पक्षमा एकरूपता ल्याउन सङ्घीय निजामती सेवामा समावेश गर्नुपर्ने विषयमा लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूसँग समन्वय गर्ने,

४. सङ्घ, प्रदेश तथा स्थानीय तहको पदपूर्ति प्रक्रियामा रहेको अन्यौल हटाउन सङ्घीय निजामती सेवा ऐन यथाशीघ्र जारी गर्नका लागि लोक सेवा आयोगले नेपाल सरकारलाई अनुरोध गर्ने,

५. प्रदेश लोक सेवा आयोगहरूले पदपूर्तिका सम्बन्धमा अपनाएका सिद्धान्त तथा मापदण्डहरूमा एकरूपता ल्याउन लोक सेवा आयोगले प्रतिपादन गरेका सिद्धान्त र मापदण्डहरू पालना गर्न गराउन लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूलाई आवश्यक सहजीकरण गर्ने,

६. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको कार्यसम्पादनमा हासिल भएका असल अभ्यासहरू एक आपसमा आदानप्रदान गर्ने,

७. लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकाको आधारमा प्रदेश लोक सेवा आयोगहरूका पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकामा सामान्यतया एकरूपता कायम गर्न आवश्यक पहल गर्ने,

८. उपयुक्त उम्मेदवार छनौटका लागि प्रयोगमा ल्याउन सकिने नवीनतम परीक्षण विधिको विकास एवम् प्रयोगका लागि लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूलाई आवश्यक सहयोग एवम् सहजीकरण गर्ने,

९. लोक सेवा आयोगहरूको आगामी राष्ट्रिय सम्मेलन वि.सं. २०८० फाल्गुन २३ र २४ गते आयोजना गर्ने,

१०. लोक सेवा आयोगका माननीय अध्यक्ष श्री माधव प्रसाद रेग्मीको अध्यक्षतामा तेस्रो राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न गर्न गरेको सहयोगको लागि प्रदेश लोक सेवा आयोग, सुदुरपश्चिम प्रदेश लगायत यस कार्यमा सहयोग गर्ने सबै प्रदेश लोक सेवा आयोगहरू र सबै राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्ने।

| **यज्ञराज बोहोरा** | **रामप्रसाद उपाध्याय** | **प्रा. डिलाराम भट्टराई** | **विष्णुप्रसाद नेपाल** | **सुरेश मान श्रेष्ठ** | **डा. सुजाता देव** | **उत्तमकुमार भट्टराई** | **माधवप्रसाद रेग्मी** |
|---|---|---|---|---|---|---|---|
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | सदस्य | अध्यक्ष | अध्यक्ष |
| प्रदेश लोक सेवा आयोग, सुदुरपश्चिम प्रदेश | प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश | प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश | प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश | प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश | प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश | लोक सेवा आयोग |

इति सम्बत् २०७९ साल फागुन २० गते रोज ७ शुभम्।

# लोक सेवा आयोग




*Figure 1 सम्मेलनको उद्घाटन सत्रमा अतिथिज्यूहरू*




*Figure 2 सम्मेलनको घोषणापत्र र निर्णय सार्वजनिक गर्दै आयोगका अध्यक्ष एवम् प्रदेश लोक सेवा आयोगका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरू*




*Figure 3 समापन सत्रमा मन्तव्य राख्दै आयोगका अध्यक्ष श्री माधवप्रसाद रेग्मीज्यू*




*Figure 4 सम्मेलनका सहभागीहरू*